# सामुदायिक ज्ञान केन्द्र व्यवस्थापन तथा संचालन

ASHA Adaptation for Smallholders in Hilly Areas

IFAD Investing in rural people

## पृष्ठभूमी

पहाडी साना किसानको लागि अनुकूलन आयोजनाको कार्यक्रम दस्तावेज बमोजिम कम्तीमा १५० स्थानीय अनुकूलन कार्य योजना (Local Adaptation Plan of Action -LAPA/लापा ) तयार गरी कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयन भएका प्रत्येक क्षेत्रहरुमा एक जलवायु परिवर्तन अनुकूलनका लागि सामुदायिक ज्ञान केन्द्र स्थापना गर्ने लक्ष्य रहेको छ ।

जलवायु परिवर्तनका असरले पारेको नकारात्मक असरका वारेमा नेपाल सरकारले गरेको अध्ययनले अति संकटासन्न देखिएका जिल्लाहरुमा आयोजना मार्फत स्थानीय समुदायहरुलाई जलवायु अनुकूलन हुनको लागि स्थानीय अनुकूलन योजना तयार र त्यसको कार्यान्वयन वाट प्राप्त तथ्यमा आधारीत सूचना, ज्ञान तथा सिपहरुलाई अभिवृद्धि तथा विस्तारको कार्यलाई दिगोपना दिनको लागि समुदायमा आधारीत ज्ञान केन्द्र ले भूमिका खेल्ने छ ।

जलवायु अनुकूलनका धेरै कार्यहरु भएता पनि ती कार्यहरुबाट प्राप्त भएका राम्रा सूचना तथा ज्ञानहरुको वारेमा सवैलाई जानकारी नभएको अवस्थामा यस ज्ञान केन्द्रले समुदायमा संचार गर्न प्रभावकारी संयन्त्र विकास हुने विश्वास लिईएको छ । यसका माध्यमवाट समुदाय तथा व्यक्तिमा लुकेर वसेका ज्ञानहरुलाई व्यवस्थित तरीकाले वाहिर ल्याई स्थानीय अनुकूलन कार्ययोजनाको कार्यान्वयनमा प्रभावकारीता ल्याउने आयोजनाले आशा लिएको छ ।



## सामुदायिक ज्ञान केन्द्रको उद्देश्य

आयोजना क्षेत्रमा स्थानीय अनुकूलन कार्ययोजना तयार गरी कार्यान्वयन भएका सवै स्थानहरुमा जलवायु परिवर्तन अनुकूलनका लागि सामुदायिक ज्ञान केन्द्रको स्थापना र कुशल व्यवस्थापनद्धारा समुदायमा भएका अनुकूलनका राम्रा प्रयासहरुलाई उजागर गरी जोखीम न्यूनिकरणमा जनचेतना अभिवृद्धि भएको हुनेछ । मूख्य उद्देश्यहरु निम्न बमोजिम रहेको छ ।

- जलवायु परिवर्तनको जोखिमहरुलाई कम गर्ने तथा अनुकुलनका उपायहरुको सिकाई आदान प्रदान तथा प्रसारण गर्ने ।
- प्राविधिक ज्ञान तथा सामाग्रिहरुको भण्डार तथा सन्दर्भ केन्द्र स्थापना गर्ने । कार्यक्रम सहयोगी प्रचार प्रसार सामग्रिको उत्पादन तथा प्रसारण गर्ने क्षमता अभिवृद्धि गर्ने ।
- स्थानीयस्तरमा जलवायुमैत्री योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सहयोग पुर्‍याउने ।
- स्थानीयस्तरमा ज्ञान, सीप, अनुभवको आदान प्रदान गर्ने संस्कृतिको विकास गर्न सहयोग पुर्‍याउने ।

## आशातित उपलब्धिहरु

जलवायु परिवर्तन अनुकूलनका लागि सामुदायिक ज्ञान केन्द्रको स्थापनाबाट निम्न बमोजिम आशातित उपलब्धिहरु प्राप्त हुने अपेक्षा गरिएको छ ।

- स्थानीय अनुकूलन कार्य योजना(लापा) कार्यन्वयन भएको प्रत्येक क्षेत्रमा एक सामुदायिक ज्ञान केन्द्रको स्थापना भई उद्देश्य अनुसार कार्यान्वयनमा आएको हुनेछ ।
- स्थानीय अनुकूलन योजना कार्यान्वयनमा भएका राम्रा सिकाईहरुलाई ज्ञान केन्द्रमा व्यवस्थित भएको हुनेछ ।
- विभिन्न स्थानमा रहेका ज्ञान सम्वन्धि अध्ययन सामाग्रीहरु एकै स्थानमा व्यवस्थीत भई सवैको पहुँचमा भएको हुनेछ ।
- जलवायु परिवर्तन अनुकूलन सम्वन्धि कृषि, पशु, स्वास्थ्य, वातावरण संरक्षण, भू-तथा जलधार संरक्षण लगायत विभिन्न सम्बन्धित विषयको वारेमा नयाँ नयाँ सिपमूलक ज्ञानहरु आदान प्रदान गर्ने अवसर स्थानीय स्तरमा भएको हुनेछ ।
- सामुदायिक ज्ञान केन्द्रको दिगो व्यवस्थापन गर्न स्थानीय समुदायमा एकजुट भई आफै श्रोत साधनको व्यवस्थापन गर्न सक्षम भएको हुनेछन् ।
- जलवायु परिवर्तनको जोखिम कम गर्ने तथा अनुकूलन हुनको लागि सहयोगी सामग्रिहरुको उत्पादन तथा वितरण भएको हुनेछ ।

## सामुदायिक ज्ञानकेन्द्र स्थापना तथा कार्यान्वयन

जलवायु परिवर्तन अनुकूलनसँग सम्बन्धित ज्ञान, स्थानीय अनुकूलनका प्रयासहरु र सिपको आदान प्रदान तथा प्रचार प्रसार गर्नको लागि आयोजनाका कार्यक्षेत्रमा ज्ञान केन्द्रको स्थापना गर्न सकिनेछ । ज्ञान केन्द्र स्थापना गर्नको लागि आयोजनाको कार्यक्षेत्र भित्र पर्ने साविकका गा.वि.स.हरुमा (हालको नगरपालिका तथा गाउँपालिकाका वडाहरु) प्रति वडा एक वटाको दरले पर्ने गरी ज्ञान केन्द्रको स्थापना गरीनेछ । यस प्रकारको ज्ञान केन्द्र संचालन तथा स्थापनाको लागि जलवायु परिवर्तन अनुकूलनका लागि सामुदायिक ज्ञान केन्द्र स्थापनाको लागि स्वीकृत कार्यविधि अपनाउनु पर्नेछ ।



सामुदायिक ज्ञान केन्द्र समिति गठन
अभिमूखीकरण कार्यक्रम, तिलागुफा, कालिकोट

## सामुदायिक ज्ञान केन्द्रको स्थापनाको लागि अपनाउनु पर्ने तरिका

सामुदायिक ज्ञान केन्द्र स्थापनाको लागि निम्न बमोजिम तरिकाहरु अबलम्बन गर्नु पर्नेछ ।

- ज्ञान केन्द्र स्थापनाको लागि उपयुक्त स्थान अधिकांस किसान, समुदाय तथा संकटासन्न घरधुरीहरुको पायक पर्ने हुनु पर्दछ । यस विधिमा कुनै संस्थागत संरचनाको व्यवस्था पनि गर्न सकिनेछ ।
- ज्ञान केन्द्र संचालनको लागि निरन्तरता हुन जरुरी छ । अत यो निरन्तर संचालनको लागि भरपर्दो तथा सम्बन्धित विषयमा केही ज्ञान भएको एक संचालकको पहिचान गरी छनौट गर्नु पर्नेछ ।
- संकलित सामग्रिहरुको दुई किसिमको वर्गमा विभाजन गरिएको छ । एकः चलायमानको रुपमा प्रयोग गर्न सकिने र फिर्ता पनि गर्न सकिने, अर्को सन्दर्भ सामग्रिको रुपमा केन्द्र भन्दा बाहिर लैजान नपाईने आदि ।
- यस केन्द्रलाई गाँउ समुदायको सिकाइ केन्द्रका रुपमा विकास गराउने ।
- स्थानीय स्तरको अनुकूलनका सफल उदाहरणहरुको प्रस्तुति गर्ने गराउने ।
- स्रोत सामग्रिहरुको संकलन तथा प्रसारको लागि स्थानीय सामाजिक परिचालकहरु तथा आयोजनाको मध्यम स्तरीय प्राविधिकहरु को सहयोग लिई परिचालन गर्ने ।
- यस्ता ज्ञान केन्द्रहरुको अनुगमन तथा रेखदेखको जिम्मा सो क्षेत्रमा खटिने सामाजिक परिचालकलाई जिम्मेवारी दिने तथा अनुगमनको कार्य मध्यम स्तरीय प्राविधकहरुबाट नियमित रुपमा गराउने ।
- स्रोत सामग्रिहरुको प्रचार तथा प्रसार एवं अनुभव आदान प्रदान गर्दा लैंगिक मुद्दाहरु तथा विषयलाई पनि सँगसँगै लैजाने ।
- ज्ञान केन्द्रबाट सिकेको सिकाईहरुको अनुगमन तथा मूल्यांकन सरल तरिकाले गर्ने गराउने व्यवस्था मिलाउने । सो कार्यमा जिल्ला आयोजना समन्वय इकाईले इकाईको तर्फबाट कर्मचारीलाई संपर्क व्यक्तिको रुपमा स्थानीय सामाजिक परिचालकलाई तोक्न सक्ने छ ।
- ज्ञान केन्द्रको परिचालन तथा व्यवस्थापनको प्रगति चौमासिक रुपमा प्राविधिक सहयोग इकाई, सम्बन्धित गाँउपालिका तथा नगरपालिका एवम जिल्ला आयोजना समन्वय इकाईमा पठाउन स्थानीय संपर्क व्यक्तिले सहयोग गर्ने ।

## ज्ञान केन्द्र व्यवस्थापन तरीका

आयोजना क्षेत्रमा संचालन हुने सामुदायिक ज्ञान केन्द्रको व्यवस्थापन स्थानीय समूहले आफै गर्न गराउन सहजीकरण गरिने छ । स्थानीय ज्ञान केन्द्र व्यवस्थापनको लागि पाँच सदस्यीय समिति चयन हुने छ । जिल्ला आयोजना समन्वय इकाईका प्राविधिक कर्मचारी तथा स्थानीय सहजकर्ता मार्फत यस कार्यविधी अनुसार पदाधिकारीहरु चयन गर्न सहजीकरण गर्न सक्ने छन् । साथै स्थानीय स्तर मा रहेका विषयगत प्राविधिकहरुलाई आवश्यकता अनुसार सल्लाहकारमा राख्न सकिने छ ।

यसरी व्यवस्थापन भएका ज्ञान केन्द्र दिगो र प्रभावकारी हुनुको साथै संकलित सामाग्रीहरुको उचित व्यवस्थापन गरी सवैको पहुँचमा राख्ने, वितरण गर्ने, निश्चित विषयवस्तुमा नियमित छलफल तथा अन्तरकृया गर्ने गराउने, ज्ञान केन्द्रमा भएका गतिविधिहरुको जानकारीहरु ज्ञान केन्द्र व्यवस्थापन समितिले जिल्ला आयोजना समन्वय इकाईमा पठाउने ।

## सामुदायिक ज्ञान केन्द्रमा व्यवस्थापन समिति गठन

जिल्ला आयोजना समन्वय इकाईका प्राविधिक कर्मचारी तथा स्थानीय सहजकर्ता मार्फत यस कार्यविधि अनुसार समितिका सदस्यहरु छनौट गर्न सहजीकरण गर्न सक्ने छन् । समितिका सदस्यहरु छनौट भैसके पश्चात संवन्धित सदस्यहरुको नामावली सहितको पत्राचार संवन्धित जिल्ला आयोजना समन्वय इकाईमा गर्नु पर्नेछ ।

**संयोजकको योग्यता:** सवैलाई समन्वय गर्न सक्ने र स्थानीयहरुले रुचाएका मध्येबाट एकजना संयोजकको व्यवस्थापन हुनेछ । संयोजकको लागि निम्नानुसार योग्यता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

- लेखपढ गर्न जान्ने ।
- सामुदायिक विकास गतिविधिमा संलग्न ।
- गाँउमै अधिकांस समय बस्ने ।
- जलवायु परिवर्तन, सामुदायमा आधारीत वन विकास, कृषि, वातावरण, पशुविकास क्षेत्रमा अनुभव भएको ।

**सदस्यहरुको योग्यता:** सामुदायिक ज्ञान केन्द्रलाई व्यवस्थित तथा संयोजकलाई सहयोग दिन सक्ने अन्य चार जना सदस्य रहन सक्ने प्रावधान रहेको छ, जस अनुसार कम्तीमा एकजना महिला अनिवार्य हुनुपर्ने छ । सदस्यको लागि निम्नानुसार योग्यता भएका व्यक्तिलाई प्राथमिकता दिईने छ ।

- साधारण लेखपढ गर्न जान्ने
- सामुदायिक विकास गतिविधिमा संलग्न
- गाँउमै अधिकांस बस्ने
- सामुदायिक वन, कृषि, वातावरण, पशुविकास कार्यमा अनुभवी

**सल्लाहाकारको योग्यता:** सामुदायिक ज्ञान केन्द्रलाई व्यवस्थित तथा दिगो वनाउन आवश्यक प्राविधिक सहयोग तथा सरसल्लाहको लागि कम्तीमा तीन जनाको सल्लाहाकार रहन सक्ने प्रावधान रहेको छ, जस अनुसार कम्तीमा एकजना महिला अनिवार्य हुनुपर्ने छ । सल्लाहाकारमा निम्नानुसारका व्यक्तिलाई प्राथमिकता दिईने छ ।

- पशु विकास क्षेत्रमा कार्यरत स्थानीय प्राविधिक ।
- कृषि विकास क्षेत्रमा कार्यरत स्थानीय प्राविधिक ।
- वन तथा वातावरण विकास क्षेत्रमा कार्यरत स्थानीय प्राविधिक ।
- कार्यरत स्थानीय शिक्षक, शिक्षिका ।
- सामाजिक परिचालक ।
- वातावरण क्षेत्रको लागि कार्य गर्ने पत्रकार, समाजसेवी तथा अन्य समज्ञान भएको व्यक्ति ।

## समितिको काम कर्तव्य र अधिकार

### व्यवस्थापन समिति संयोजक

- जलवायु परिवर्तन अनुकूलनका लागि सामुदायिक ज्ञान केन्द्र संचालन कार्यविधि स्थापनाको लागि भवन तथा कोठाको निशुल्क व्यवस्थापन ।
- आयोजनाले उपलव्ध गराएको भौतिक सामाग्रीहरुको दिगो व्यवस्थापन ।
- मासिक वैठक तथा प्रतिवेदन लेखन ।
- ज्ञानबर्दक आवश्यक समाग्रिहरु संकलन गर्न सम्वन्धित निकायहरु संग समन्वय, सम्पर्क ।
- पुस्तकालयको व्यवस्थापन तथा साना किसानहरु आमन्त्रण गरी जलवायु अनुकूलनका प्रयासहरुको वारेमा जानकारी आदान प्रदान ।
- श्रोतको न्यायोचित व्यवस्थापन ।

### यवस्थापन समिति सदस्य

- मासिक वैठकमा सहभागि तथा प्रतिवेदन लेखनमा सहयोग ।
- ज्ञानबर्द्धक आवश्यक समाग्रीहरु संकलन गर्न सम्वन्धित निकायहरु संग समन्वय सम्पर्क गर्न संयोजकलाई सहयोग ।
- पुस्तकालयको व्यवस्थापन तथा सानाकिसानहरु आमन्त्रण गरी जलवायु अनुकुलनका प्रयासहरुको वारेमा जानकारी आदान प्रदानमा सहयोग ।
- श्रोतको न्यायोचित व्यवस्थापन सहयोग

## सल्लाहाकार

- मासिक वैठकमा सहभागी भई आवश्यक सुझाव तथा सरसल्लाह उपलव्ध गराउने ।
- ज्ञानबर्द्धक आवश्यक सामाग्रीहरु संकलन गर्न सम्वन्धित निकायहरु संग समन्वय सम्पर्क गर्न संयोजकलाई सहयोग ।
- पुस्तकालयको व्यवस्थापन तथा सानाकिसानहरु आमन्त्रण गरी जलवायु अनुकूलनका प्रयाहरुको वारेमा जानकारी आदान प्रदान गर्न गराउन सहयोग ।
- ज्ञान बर्दक शैक्षिक सामाग्री संकलन तथा उपलव्धतामा सहयोग ।

## स्थानीय अनुकुलन कार्य योजना कार्यान्वयन समूह

- स्थानीय अनुकुलन कार्य योजना कार्यान्वयनवाट आएका नयाँ ज्ञानहरु समितिमा उपलव्ध गराउने ।
- ज्ञानबर्द्धक आवश्यक समाग्रीहरु संकलन गर्न सम्वन्धित निकायहरु संग समन्वय सम्पर्क गर्न संयोजकलाई सहयोग ।
- पुस्तकालयको व्यवस्थापन तथा सानाकिसानहरु आमन्त्रण गरी जलवायु अनुकूलनका प्रयासहरुको वारेमा जानकारी आदान प्रदानमा सहयोग ।
- ज्ञान केन्द्र संचालनमा श्रोतको व्यवस्थापनमा सहयोग ।

## स्थानीय निकाय

- ज्ञान केन्द्र संचालनमा श्रोतको व्यवस्थापनमा सहयोग ।
- जिल्ला तथा केन्द्रीय स्तरमा समन्वय सहकार्यमा सहयोग ।
- ज्ञान केन्द्र संचालनको भवन तथा कोठाको व्यवस्थापनमा सहयोग ।
- अन्य आवश्यक समन्वय तथा सहयोग ।

## स्थानीय सरोकारवाला निकाय तथा सेवा प्रदायक

- ज्ञानबर्द्धक आवश्यक समाग्रीहरु संकलन गर्न सम्वन्धित निकायहरु संग समन्वय सम्पर्क गर्न संयोजकलाई सहयोग ।

## जिल्ला आयोजना समन्वय ईकाई

- ज्ञान केन्द्र संचालनमा श्रोतको व्यवस्थापनमा सहयोग ।
- आवश्यक सहजीकरण तथा नीति निर्माणमा सहयोग ।
- क्षमता विकासमा सहयोग ।
- ज्ञानबर्दक आवश्यक समाग्रीहरु संकलन गर्न सम्वन्धित निकायहरु संग समन्वय सम्पर्क गर्न संयोजकलाई सहयोग ।

## सामुदायिक ज्ञान केन्द्रको मूख्य कार्यहरु

- ज्ञान केन्द्रको दैनिक व्यवस्थापन ।
- साना किसानहरुको लागि ज्ञानबर्दक विषयहरु समूहमा छलफल ।
- स्थानीय अनुकूलन योजना कार्यान्वयवाट प्राप्त नयाँ ज्ञान तथा सिकाईहरु संकलन ।
- भित्ते पत्रिका लेखन तथा प्रचार प्रसार सामाग्री वितरण ।
- साना किसानहरुलाई मासिक रुपमा भिडियो प्रदर्शन मार्फत ज्ञानबर्द्धक जानकारी दिने ।
- स्थानीय कलाकारहरुलाई परिचालन गरी विभिन्न सभा समारोहमा जलवायु अनुकूलन संवन्धित चेतना मूलक सडक नाटक, पुतली नाटक प्रर्दशन गराउने ।
- स्थानीय स्तरमा पुस्तकालयमा रहेका शैक्षिक सामाग्रीहरु अध्ययन गर्न गराउन सहयोग गर्ने ।
- स्थानीय स्तरमा भएका अध्ययन अनुसन्धानका जानकारीहरुलाई व्यवस्थित गर्ने ।
- स्थानीय भाषामा चौमासीक समाचार पत्र प्रकाशन तथा वितरण गर्ने ।
- ज्ञान केन्द्रलाई आम्दानी हुनसक्ने क्षेत्रमा क्षमता विकास गरी सेवाप्रदायक द्धारा सहयोग जुटाउने ।
- चौमासिक प्रतिवेदन ( अनुसूची ४ बमोजिम) तथा वार्षिक प्रतिवेदन तयार गर्ने तथा जिल्ला आयोजना समन्वय इकाईमा पेश गर्ने ।
- आवश्यक यन्य सामाग्रिहरु जुटाउने

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय
पहाडी साना किसानको लागि अनुकूलन अयोजना
**Adaptation for Smallholders in Hilly Areas (ASHA)**
www.asha.gov.np
Facebook page:- ASHA Kathmandu

सम्पर्क

आयोजना समन्वय इकाई हात्तिसार, काठमाण्डौ, नेपाल
०१४१४३४५०४ फ्याक्स: ०१४४३७७८४
प्राविधि सहयोग इकाई, कालिन्चोक, विरेन्द्रनगर सुर्खेत
०८३५२१०६५
जिल्ला आयोजना समन्वय इकाई
कालिकोट, दैलेख, जाजरकोट, सल्यान, पूर्वि रुकुम, पश्चिम रुकुम, रोल्पा